# महिलामाथि हुने हिंसा विरुद्द बनेका केही महत्वपूर्ण
# कानुनी जानकारीहरु:

समाजमा महिला माथि विभिन्न दुर्व्यवहार, हिंसा र विभेदहरु भइरहेका छन् । त्यस्ता दुर्व्यवहार विरुद्द संविधान, कानुन्हरुमा विभिन्न व्यस्थाहरु छन् । महिला हिंसा विरुद्द बनेका कानुनी प्रावधानहरुको जानकारी नहुँदा महिलाहरु हिंसा सहेर बस्न बाध्य छन् । त्यसकारण महिला हिंसा विरुद्द न्यायमा सहज पहुँचका लागि सहयोगी हुने विश्वासका साथ तपसिलमा केही महत्वपूर्ण कानुनी जानकारीहरु उल्लेख गरिएको छ ।

### महिला माथि हुने हिंसा नियन्त्रणको विषयमा स्थानीय सरकार सञ्चालन ऐनले गरेका कानुनी व्यवस्थाहरु:

स्थानीय तहको न्यायिक समितिले लैंगिक हिंसा सम्बन्धी के कस्तो निणर्य गर्न सक्छ ?

- नाबालक छोरा छोरी वा पति वा पत्निलाई ईज्जत आमदअनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको,
- ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको विषय,
- कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पु-याएको विषय,

### स्थानीय तहको न्यायिक समितिले लैङ्गीक हिंसा सम्बन्धी के कस्तो विषयमा मेलमिलाप गराउन सक्ने व्यवस्था गरेको छ ?

- पतिपत्निबीचको सम्बन्ध विच्छेद,
- एक वर्षसम्म कैद सजाय हुने कुटपिट भएको मुद्दाहरु,
- गाली बेइज्जती तथा एक वर्षसम्म कैद सजाय हुने अन्य मुद्दाहरु,

### न्यायिक समितिले विवाद निरुपण गर्दा के कस्तो विषयमा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्छ ?

- पति पत्नीबीचको वा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसंग आश्रित अन्य कुनै व्यक्तिको हितका लागि सम्बन्धित पक्षलाई अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्छ ।
- यस्तो आदेश अन्तर्गत पीडितलाई निज बसिआएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्ययवहार गर्न, शारिरीक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन, आवश्यक भए अलग बसोबासको प्रबन्ध गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषण व्यवस्था गर्न, गाली गलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न वा नगराउन, पीडितको हित र सुरक्षाका लागि आवश्यक उपयुक्त कुरा गर्न वा गराउने सक्ने व्यवस्था छ ।
- पति पत्नी बीचको विवादमा पीडित तथा निजको नाबालक सन्तानको तत्काल संरक्षण, उनीहरुको सुरक्षा र अधिकार प्रत्याभुतिको अधिकार न्यायिक समितिलाई प्रदान गरिएको छ ।
- १ वर्षसम्म कैद सजाय हुने मुद्दाहरु अर्न्तगत घरेलु हिंसा, यौनजन्य हिंसा, छुवाछूत लगायतका मुद्दाहरु पनि यसै न्यायिक समिति अर्न्तगत पर्दछन् ।

- महिनावारी सम्बन्धी हिंसा र छुवाछूतजन्य व्यवहार अन्तर्गत महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडिमा राख्न वा त्यस्तै कुनै किसिमका भेदभाव छुवाछुत वा अमानवीय व्यवहार गरेमा जहिलेसुकै पनि उजुरी गर्न सकिन्छ ।

## उजुरी कहिलेसम्म गर्ने ?

माथि उल्लिखित विवादमा प्रचलित कानुनमा मुद्दा हेर्ने निकायसमक्ष निवेदन दिने कुनै हदम्याद तोकिएमा सोहि म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यास्तो कार्य भएको गरेको मितिले ३५ दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

## सजाय

३ महिनासम्म कैद वा ३ हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ र कसुर गर्ने व्यक्तिबाट वा क्षति गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपुर्ति भराइदिनुपर्नेछ ।

## घरेलु (हिंसा -कसुर र सजाय)ऐन २०६६ मा भएका मुख्य व्यवस्थाहरु

## घरेलु हिंसा भन्नाले के बुझिन्छ ?

कुनै व्यक्ति जसले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ ।

## घरेलु सम्बन्ध भएका व्यक्ति भन्नाले के बुझिन्छ ?

- बंशजको कारणबाट भएको सम्बन्ध,
- विवाहबाट भएको सम्वन्ध,
- धर्मपुत्र वा धर्मपुत्रीको कारणबाट भएको सम्बन्ध,
- संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध,
- सँगै बसेका जोडी वा अंश लिइ वा नलिइ भिन्न बसेका पति वा पत्निको सम्बन्ध समेत बुझिन्छ ।

### शारीरिक यातना भन्नाले

कुटपिट गर्ने, कानुन विपरित थुनामा राख्ने, शारीरिक चोट पुरयाउने, तेजाब वा यस्तै प्रकारका अन्य पदार्थले पोली डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य बुझिन्छ ।

### मानसिक यातना भन्नाले

शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपुर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने झुठा बात लगाउने, घरबाट निकाला गर्ने, अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन गर्ने, मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाइ जनाउछ ।

### यौनजन्य यातना भन्नाले

यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुरयाउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य बुझिन्छ ।

### आर्थिक यातना भन्नाले

सगोल वा निजी सम्पतिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा बन्चित गर्ने कार्य सम्झनुपर्छ । महिलाको हकमा दाइजो माग गर्ने, दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

## घरेलु हिंसा भएमा कहाँ र कसले उजुरी गर्ने ?

- प्रहरी कार्यालय,
- स्थानीय निकाय -न्यायिक समिति)
- राष्ट्रिय महिला आयोग,
- सम्बन्धित जिल्ला अदालत ।

घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले उल्लेखित ४ निकाय मध्ये १ निकायमा लिखित वा मौखिक उजुरी दिन सक्छ ।

## सजाय

घरेलु हिंसा कसुरमा ३ हजार देखि २५ हजार रुपैयासम्म वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ ।

## (बोक्सीको आरोप -कसुर र आरोप) ऐन, २०७२ मा भएका मुख्य कानुनी व्यवस्थाहरु

के कस्तो कार्य गरेमा वा गराएमा बोक्सीको आरोप सम्बन्धी कसुर गरेको मानिन्छ ?

- कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाएमा,
- बेक्सीको आरोपमा गाली बेइज्जती गरेमा,
- बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गरेमा,
- बोक्सीको आरोपमा सामाजिक बहिष्कार गरेमा,
- बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गरेमा,
- धामी झाँकी, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाएमा,
- बोक्सीको आरोपमा कुटपिट, अंगभंग गरेमा, कुनै किसिमले यातना दिएमा, मलमुत्र खुवाएमा, चारपाटा मुडने, नग्न पारी वा नपारी घुमाउने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गरेमा,

- बोक्सीको आरोपमा कसैको सम्पति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,
- बोक्सीको आरोप लगाउन उद्योग गर्ने, त्यस्तो कार्य गर्न दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने,
- बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा बोक्सीको आरोप सम्बन्धी कसुर गरेको मानिन्छ ।

### बोक्सीको आरोप कसुरमा कसले कहाँ उजुरी दिन सक्दछ ?

बोक्सीको आरोप सम्बन्धी कसुर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा लिखित निवेदन वा मौखिक सुचना दिन सक्दछ ।

### सजाय

बोक्सीको आरोप सम्बन्धी मुद्दामा कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी ६ महिना देखि ८ वर्षसम्म कैद र रु ५ हजार देखि रु. १ लाखसम्म जरिवानाको व्यवस्था छ ।
(बोक्सीको आरोप सम्बन्धी कसुर सरकार वादी हुने फौजदारी मुद्दा हो ।)

### यदि यस प्रकारका घटना घटेमा न्यायका लागि तपसिलमा उल्लेखित टोल फि नम्बरहरुको पनि सहायता लिन सकिन्छ ।

- प्रजनन् स्वास्थ्य सम्बन्धी परार्मश तथा जानकारीका लागि ११४३
- मनोसामाजिक परामर्शका लागि १६६००१०२००५
- लैङ्गिक हिंसा तथा महिला हिंसा सम्वन्धी कानुनी परामर्शका लागि ११४५
- बालबालिका विरुद्धका हिंसा सम्बन्धी जानकारीका लागि १०९८
- प्रहरीको सहयोग चाहिएमा १०० मा सम्पर्क समेत गर्न सकिन्छ ।


**प्रकाशक:**

दलित समाज उत्थान समिति नेपाल
स्था.२०५८
महोत्तरी-४,महोत्तरी

## दलित समाज उत्थान समिति नेपाल,

केन्द्रीय कार्यालय, जनकपुरधाम ४, विश्वकर्मा चौक, जनकपुरधाम, नेपाल ।

इमेल: dswcn2019@gmail.com